नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
कञ्चनपुर

फोन नं. : ५२११०९
५२११७८
५२१११०
फयाक्स नं. :५२४९९०

email: daokanchanpur75@gmail.com
web: daokanchanpur.moha.gov.np

प.सं. ०८०/०८१
च.नं.

## हातहतियार ईजाजत नवीकरण तथा प्रयोग सम्बन्धी अत्यन्त जरुरी सूचना !!!

यस जिल्लाबाट विभिन्न मितिमा हातहतियार राख्ने इजाजत पत्र लिएका व्यक्ति/संस्थाहरुले नियमानुसार नविकरण गर्नुपर्नेमा कतिपय इजाजत प्राप्त व्यक्ति/संस्थाले नवीकरण गराएको अभिलेखबाट नदेखिएको हुँदा यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र नवीकरणको लागि हातहतियार र इजाजत पत्र सहित उपस्थित भई नवीकरण गराउनु हुन तथा ५ वर्ष भन्दा बढी नवीकरण नगरी म्याद गुजार्नेहरुको हकमा नजिकको प्रहरी ईकाईमा उक्त हातहतियार र इजाजत पत्र अनिवार्य रुपमा बुझाउनुहुन साथै हातहतियार इजाजत नवीकरण तथा प्रयोग सम्बन्धी तपशिलमा उल्लेखित भए अनुसार गर्नु/गराउनु हुन समेत सम्बन्धित सबैको जानकारीका लागि यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । सूचनाको बर्खिलाप गरेमा प्रचलित कानून बमोजिम कारबाही भैजाने व्यहोरा समेत जानकारी गराइन्छ ।

### तपशिल

१. जुन जिल्लाबाट हातहतियार खरखजानाको इजाजतपत्र जारी भएको हो सोही जिल्लाबाट मात्रै इजाजतपत्र नवीकरण गरिने छ ।

२. इजाजत प्राप्त हातहतियार सम्बन्धित व्यक्तिको साथमा नभई अन्य व्यक्तिको साथमा रहेको पाइएमा निजको इजाजत-पत्र रद्ध गरी सो हतियार समेत जफत गरिने छ ।

३. हातहतियारको इजाजतपत्र प्राप्त गरेको जिल्ला बाहेक अन्य जिल्लामा र सुरक्षा संवेदनशील स्थानहरुमा लैजान नमिल्ने ।

2080/01/02
प्रि. प्रमुख जिल्ला अधिकारी

मिति २०८१।०१।०२
ने.सं. ११४४ चौलाथ्व, ६ आईतबार